# शिखर इन्स्योरेन्स कम्पनी लि.

## प्रथम वार्षिक साधारण सभाको निर्णय विवरण

### १. बैधानिक सभाः

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको प्रथम वार्षिक साधारण सभा कम्पनीका संचालक समितिका अध्यक्ष श्री विकाश जंगबहादुर राणाज्यू को सभापतित्वमा होटल सोल्टीको (मालश्री हल) कालीमाटी, काठमाडौंमा २०६२ फाल्गुन ६ गते शनिवार साँझ ६:०० बजे प्रारम्भ भई बेलुकी ७:३० बजे सम्पन्न भयो ।

### २. सूचना प्रकाशनः

सभा हुने मिति, स्थान, समय र छलफल गर्ने प्रस्तावहरु सामेल गराई संस्थापक शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०६२ माघ १४ गते प्रथम साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन, आ.ब. २०६१/६२ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा लेखा परिक्षकको प्रतिवेदन सामेल गराई सूचना पठाईएको र २०६२ माघ १४ तथा १५ गते क्रमशः कान्तिपुर र समाचारपत्र राष्ट्रिय दैनिकहरुमा सूचना प्रकाशित गरी जानकारी समेत गराइएको थियो ।

### ३. छलफलका विषयहरुको सूची:

३.१ आर्थिक बर्ष २०६१/६२ को संचालक समितिको प्रतिवेदन बारे ।
३.२ आर्थिक बर्ष २०६१/०६२ को लेखा परिक्षणको प्रतिवेदन बारे ।
३.३ आ.व. २०६२/६३ का लागि लेखा-परीक्षकको नियूक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
३.४ संचालकहरुको निर्वाचन बारे ।
३.५ विविध ।

### ४ (क) संचालकहरुको उपस्थितिः

| | | |
|---|---|---|
| १. | श्री विकास जंगबहादुर राणा | अध्यक्ष |
| २. | श्री लोमस इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. को तर्फबाट | |
| | श्री प्रदिपजंग पाण्डे | संचालक |

### (ख) पर्यवेक्षक तथा पदाधिकारीहरुको उपस्थितिः

| | | |
|---|---|---|
| १. | श्री दिप प्रकाश पाण्डे | महा प्रबन्धक एंव कम्पनी सचिव |
| २. | श्री खेम प्रसाद बराल | महा प्रबन्धक, पुनर्बीमा तथा दावी |
| ३. | श्री शैलेसमान श्रेष्ठ | लेखा परिक्षक |
| ४. | श्री रामकृष्ण निराला | निर्वाचन अधिकृत |

## ५. सभाको गणपुरक संख्या:

| | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत (%) |
|---|---|---|---|
| शेयरधनी संख्या | २६ | २३ | ८८.४६ |
| शेयर संख्या | १०,००,००० | ९,६५,००० | ९६.५० |

## ६. सभाको वैधानिकता र सभापतित्व:

साधारण सभाको कार्यवाही शुरु हुनु अघि यस कम्पनीका कम्पनी सचिव श्री दिप प्रकाश पाण्डेज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुदैं कम्पनी अध्यादेश २०६२ को दफा ७३ तथा कम्पनीको नियमावलीको नियम १० एंव ११ को प्रकृया पुरा गरी यो साधारण सभा बोलाइएको र यस कम्पनीको प्रथम वार्षिक साधारण सभा संचालन गर्न आवश्यक गणपुरक संख्या पुगेको घोषणा गर्नु भयो र सभा संचालनको लागि अध्यक्षज्यूलाई आग्रह गर्नु भएको थियो ।

## ७. सभाको संचालन तथा प्रतिवेदन प्रस्तुती:

कम्पनीको प्रथम बार्षिक साधारण सभा संचालन गर्ने क्रममा सभापतिज्यूले विषयसूची अनुसार संचालक समितिको आ.व. २०६१/६२ को वार्षिक प्रतिवेदन, वासलात तथा नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण एंव लेखा परीक्षकको प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो ।

## ८. छलफलको लागि आव्हान:

सभापतिज्यूले पेश गर्नु भएको प्रथम वार्षिक प्रतिवेदन, वासलात तथा नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण उपर आ-आफ्नो प्रश्न जिज्ञासा, प्रतिक्रिया, मन्तव्य, सुझाव दिनको लागि शेयरधनीहरुलाई आव्हान गर्नु भएपछि शेयरधनी श्री सूधीरबाबु खत्रीले दिनुभएको राय एवं सुझावहरुको सन्दर्भमा अध्यक्षज्युले दिनु भएको जबाफ निम्न अनुसार रहेका छन ।

- कम्पनीले बिभिन्न समस्याहरुलाई सामना गर्दै पहिलो वर्षमा नै उल्लेखनिय सफलता प्राप्त गरेकोमा बधाई एवं शुभ-कामना व्यक्त गर्दै आगामी वार्षिक साधारण सभा पौष मसान्त भित्रमा नै सम्पन्न गर्नुपर्ने सुझाव दिनु भयो ।

उत्तर: सुझाव स्वागत योग्य छ । धन्यवाद ।

- पूर्व संचालन खर्चमा १ बर्षमै अपलेखन नगरी ५ बर्षको अवधि भित्र समानुपात रुपले अपलेखन गरिएको भए कम्पनीको संचालन नतिजा राम्रो देखिने थियो ।

उत्तर: आयकर ऐन २०५८ ले गरेको व्यवस्था अनुसार १ बर्षमा गरिएको खर्च अर्को वर्ष सार्न नपाईने भएकोले स्वमकर विवरण दाखिल गर्ने उदेश्यको लागि १ बर्ष अपलेखन गरि देखाईएको हो । तर नाफा नोक्सान हिसाबमा ५ बर्षको अवधी भित्र अपलेखन हुने हिसाबले खर्च लेखिएको हो ।

- वार्षिक प्रतिवेदन, वासलात तथा नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण एंव लेखा परीक्षकको प्रतिवेदनहरु तयार गर्दा कम्पनी अध्यादेश २०६२ मा भएको व्यवस्थाहरु अनुरुप तैयार गर्न सझाव दिनु भयो ।

उत्तर: यस कम्पनीवाट तैयार पारिएको सम्पूर्ण विवरणहरु नियम बमोजिमनै रहेको ब्यहोरा जानकारी गराउनु भयो ।

- कंम्पनीमा कार्यरत कर्मचारीहरुलाई अझ बढि तालिमको व्यवस्था गर्न ब्यवस्थापन पक्षलाई सुझाव दिनु भयो ।

उत्तर: कम्पनीमा कार्यरत कर्मचारीहरुलाई समय समयमा आवश्यकता अनुसारको तालिम दिदै आएको र भविष्यमा पनि थप अन्य तालिमहरु दिदै जाने ब्यहोरा जानकारी सभामा गराउनु भयो ।

यस पश्चात् अध्यक्षज्यू द्धारा निर्वाचन सम्बन्धि निर्णय गर्न निर्वाचन अधिकृतलाई माईक हस्तान्तरण गर्नु भयो ।

**<u>निर्वाचन अधिकृत श्री रामकृष्ण निरालाज्यूको निर्णय:</u>**

श्री शिखर इन्स्योरेन्स कम्पनी लि. को संचालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरुको निर्वाचनको लागि मलाई निर्वाचन अधिकृत नियूक्त गर्नुभएकोमा कम्पनीलाई धन्यवाद दिन चाहान्छु ।

कम्पनीको समूह (क) वाट ४ र (ख) वाट २ गरि ६ संचालक पदको लागि मिति २०६२/११/४ गते दिउसो ३:०० बजे देखि ४ बजे सम्म मनोनयन पत्र दाखिला गर्नु पर्ने रहेकोमा जम्मा ६ को उम्मेदवारी मनोनयन पत्र दर्ता भएको थियो ।

उम्मेदवारको विरोधमा उजुरी दिन सक्ने मिति २०६२/११/५ गते दिउसो ३:०० बजे देखि ३:३० बजे सम्म रहेकोमा सो अवधिमा संचालकको निर्वाचनमा उम्मेदवारी मनोनयन दाखिला गर्ने उम्मेदवारहरुको विरोधमा कुनै उजुरी प्राप्त हुन आएन ।

६ जना संचालक पदका लागि ६ जनाको मात्र उम्मेदवारी कायमहुन गएको ले

(क) समूह

१. श्री विकास जंगबहादुर राणा
२. श्री बुद्ध एयर प्रा.लि.का तर्फवाट श्री बिरेन्द्र बहादुर बस्नेत
३. श्री गौरव अग्रवाल
४. श्री आँ छिरी शेर्पा

(ख) समूह

५. श्री राजेन्द्र प्रसाद श्रेष्ठ
६. श्री लोमस इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.का तर्फवाट श्री प्रदीप जंग पाण्डेलाई

म निर्विरोध निर्वाचित भएको घोषणा गर्दछु । धन्यवाद ।

## वार्षिक साधारण सभाको निर्णय

१. संचालक समितिको तर्फबाट संचालक समितिका अध्यक्षज्यूले अनुमोदनको लागि प्रस्तुत गर्नु भएको आ.ब. २०६१/६२ को वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

२. अध्यक्षज्यूले पेश गर्नु भएको आ.व. २०६१/०६२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

३. अध्यक्षज्यूले आ. व. २०६२/०६३ का लागि लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने प्रस्ताव प्रस्तुत गर्नु हुदा श्री प्रताप प्रसाद प्रधानको नाम सभाबाट प्रस्तावीत भएकोले निजलाई लेखा परिक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमीक बार्षिक रु. ५०,०००/- दिने निर्णय सर्वसम्मतीबाट गर्‍यो ।

४. कम्पनीको संचालक समितिमा प्रतिनिधित्व गर्न रिक्त रहेका "क" समूह बाट ४ र "ख" समूह बाट २ गरि जम्मा संचालक पद ६ का लागि निर्वाचन कार्याक्रम संचालन गराउन श्री रामकृष्ण निरालाज्यूलाई निर्वाचन अधिकृत नियूक्त गरिएको थियो ।

निर्वाचन अधिकृत श्री रामकृष्ण निरालाज्यूले संचालक समितिको निर्वाचनका लागि देहायको उम्मेदवारहरु निर्विरोध निर्वाचित भएको घोषणा सभामा गर्नुभयो ।

१. श्री विकास जंगबहादुर राणा
२. श्री बुद्ध एयर प्रा.लि.का तर्फवाट श्री बिरेन्द्र बहादुर बस्नेत
३. श्री गौरव अग्रवाल
४. श्री आँ छिरी शेर्पा
५. श्री राजेन्द्र प्रसाद श्रेष्ठ
६. श्री लोमस इन्भेष्टमेन्ट प्रा.लि.का तर्फवाट श्री प्रदीप जंग पाण्डेलाई

५. यस शिखर इन्स्योरेन्स कम्पनी लि.को शेयरधनी संख्या मध्ये ६७ % शेयरधनीहरु बाट प्रबन्धपत्रको दफा ५ (ख) र (ग) र नियमावलीको नियम ५ (ख) मा रहेको कम्पनीको अधिकृत पूँजी मा अन्य व्यवस्थाहरुवाट प्रष्ट भएता पनि शब्द एवं भाषगत रुपमा स्पष्ट नदेखिएको भन्ने कुरा सरकारी निकायहरुले बराबर उठाइरहेको हुँदा शब्द एवं वाक्यलाई मात्र मिलाउन प्रबन्धपत्र तथा नियमावलीको दफा ५ (ख) र (ग) मा संशोधन गर्न प्रस्ताव दर्ता हुन आएको र सो उपर छलफल हुदा सभाले सर्वसम्मतीबाट प्रस्ताव पारित गऱ्यो ।

६. विविध

क) विविध शिर्षक अन्तर्गत अध्यक्षज्यूले संचालकहरुको बैठक भत्ता उपर छलफल हुदा सभाले अब उपरान्त संचालक समितिका अध्यक्ष को रु. ५,०००/- ( पाँच हजार रुपैया मात्र) र अन्य संचालकहरुको रु. ४,०००/- (चार हजार रुपैया मात्र) बैठक भत्ता कायम गर्ने निर्णय गऱ्यो ।

**धन्यवाद ज्ञापन**

यस बाहेक अन्य विषय नभएको ले अध्यक्षज्यूले सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी प्रथम वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण संथापक शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषण गर्नुभयो ।

| | |
|---|---|
| दिप प्रकाश पाण्डे | विकास जंगबहादुर राणा |
| कम्पनी सचिव | अध्यक्ष |